नेपाल सरकार

गृह मन्त्रालय

# सशस्त्र प्रहरी बल, नेपाल

# नं.७ बैद्यनाथ बाहिनी मुख्यालय, कैलाली

**दोश्रो पटक प्रकाशित मिति २०७८/०९/२६ गते ।**

सशस्त्र प्रहरी बल नेपाल नं.७ बैद्यनाथ बाहिनी मुख्यालय अत्तरिया कैलालीमा रहेका तपसिल बमोजिमका पुराना मेशिनरी औजार तथा जिन्सी सामग्रीहरु जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम/बिक्री गर्नु पर्ने भएकोले खरिद गर्न ईच्छुक नेपाली व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले निम्न लिखीत सर्तको अधिनमा रहि शिलबन्दि बोलपत्र पेश गर्न हुन यो सुचना प्रकाशित गरिएको छ ।

| सि.नं. | पुराना अनियन्त्रित जिन्सी माल सामानहरुको विवरण | न्युनतम जम्मा मुल्य रु.(मु.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|
| १. | पुराना टि.भि, सिल्भर/पितलको ड्रम, टेन्ट, फ्रिज, ब्याट्रि, फलामको हेल्मेट,पारदर्शि ढाला, ब्याट्री चार्जर लगायतका अन्य जिन्सी सामानहरु | रु.२,४२,०३७/७४ (अक्षरुपी दुई लाख बयालिस हजार सैतिस रुपयाँ चौहत्तर पैसा मात्र) | रु १,०००/- | |

बोलपत्र फाराम सशस्त्र प्रहरी बल नेपाल नं. ७ बैद्यनाथ बाहिनी मुख्यालय अत्तरिया कैलालीबाट दोश्रो पटक सूचना प्रकाशित भएको मितिले चौथो दिन (मिति २०७८/०९/२९ गते) को कार्यालय समय भित्र बोलपत्र फाराम तोकिएको दस्तुर (फिर्ता नहुने गरि) नगदै बुझाई प्राप्त गर्न सकिने छ । शिलबन्दि बोलपत्र फाराम दोश्रो पटक सुचना प्रकाशित भएको मितिले पाँचौ दिन (मिति २०७८/०९/३० गते) को १२:०० बजे भित्र सशस्त्र प्रहरी बल नेपाल नं. ७ बैद्यनाथ बाहिनी मुख्यालय अत्तरिया कैलालीमा दर्ता गराई सक्नु पर्नेछ, दर्ता भएका शिलबन्दि बोलपत्र फारमहरु सोही दिनको १५:०० बजे जिल्ला प्रशासन कार्यालय कैलाली र कोष तथा लेखा नियन्त्रण कार्यालय धनगढी कैलालीको रोहवरमा यस सशस्त्र प्रहरी बल नेपाल नं. ७ बैद्यनाथ बाहिनी मुख्यालय अत्तरिया कैलालीमा खोलिने छ ।बोलपत्र फाराम दाखिला र खोलिने दिन कारणबस सार्वजनिक विदा पर्न गएमा विदा पछाडीको पहिलो कार्यालय खुल्ने दिनको सोहि समयमा गरिने छ ।बोलपत्र दाताले बोलपत्रमा कबोल गरेको कुल रकमको १० (दश) प्रतिशतले हुने रकममा नघटाई कोष तथा लेखा नियन्त्रण कार्यालय धनगढी कैलालीको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय धनगढीको धरौटी खाता नं.४१७०१००१०२०३०००० यस कार्यालयको कोड नम्बर ३१४०५७७०४ मा नगदै दाखिला गरि सो को सक्कलै भौचर वा ९० (नब्बे) दिन मान्य अवधीको कुनै बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) बोलपत्र साथ पेश गर्नु पर्नेछ । स्वीकृत बोलपत्र दाताले बोलपत्र स्वीकृतको जानकारी पाएको १० (दश) दिन भित्र आफुले कबोल गरेको रकममा नियमानुसार लाग्ने मु.अ.कर १३ (तेह्र) प्रतिशत समेत थप गरी जम्मा हुन आउने रकम दाखिला गरी उल्लेखित मेशिनरी तथा जिन्सी सामानहरु उठाई लैजानु पर्ने । बोलपत्र दाताले नियमानुसार उठाई नलगेमा बोलपत्र कागजात साथ पेश गरेको बोलपत्र जमानत बाफतको रकम यस कार्यालयले नियमानुसार जफत गरी प्रचलित कानुन बमोजिम राजश्वमा दाखिला गरिनेछ । लिलाममा भाग लिन चाहने व्यक्तिले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि र ईच्छुक फर्म, संस्था वा कम्पनिहरुले ईजाजत प्राप्त प्रमाण पत्रको प्रतिलिपि र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । अन्य सर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ । लिलाम/बिक्रिमा राखिएका उल्लेखित मेशिनरी तथा जिन्सी सामानहरु हेर्न वा थप कुराहरु बुझ्न परेमा कार्यालय समय भित्र यस नं. ७ बैद्यनाथ बाहिनी मुख्यालय कैलालीको कार्यालयमा आई हेर्न र बुझ्न सकिने छ वा यस कार्यालयको फोन नं. ०९१-५५०४७०/९८५१२७२०२७ मा सम्पर्क राखि आवश्यक जानकारी लिन सकिनेछ । यस सम्बन्धि सूचना सशस्त्र प्रहरी बल, नेपालको **Website:- www.apf.gov.np** मा समेत राखिएको छ ।

**(दुर्गा प्रसाद भट्टराई)**
**सशस्त्र प्रहरी नायव महानिरीक्षक**
**बाहिनीपति**